

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ २५ गते सोमबार ❑ 11 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## सरकार घेराबन्दी पर्ला तर फाइल खोल्न छाडिन्न : मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
वालिङ, २४ भदौं

कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सुशासन कायम गर्ने सन्दर्भमा पछाडि नहट्ने दाबी गर्नुभएको छ।

नेपाली कांग्रेस स्याङ्जाले आज स्याङ्जा सदरमुकाममा विपी कोइरालाको एक सय १०औं जन्मजयन्तीका अवसरमा आयोजना गरेको 'विपी विचार गोष्ठी' कार्यक्रममा उहाँले सुशासन कायम गराउने सन्दर्भमा कसैलाई पनि छाड्न हुन्न भन्ने पक्षमा आफू रहेको बताउनुभयो । "सुशासन कायम गर्ने क्रममा ठूला फाइलहरू खोल्दा सरकारलाई घेराबन्दी हुन पनि सक्छ", उहाँले भन्नुभयो, "सुशासन कायम हुन्छ भने सरकार ढलेर केही फरक पर्दैन।" कुनै पनि पार्टीको मुख नहेरी जो सुकै भए पनि भ्रष्टाचारीहरूलाई कानुनी कारबाहीमा ल्याउनैपर्छ भन्ने पक्षमा आफू सदैव उभिने उहाँको दाबी थियो । "भोलि सरकार रहला नरहला, म पदमा रहुँला नरहुँला त्यसले केही फरक पार्दैन", उहाँले भन्नुभयो, "तर भ्रष्टाचारी भनेको भ्रष्टाचारी नै हो जो सुकै भए पनि कानुनी दायरामा ल्याउनै पर्छ भन्ने पक्षको अडानमा म रहन्छु।"



कांग्रेसका केन्द्रीय उपसभापतिसमेत रहनुभएका मन्त्री गुरुङले विपीले देखाएको मार्गदर्शनमा हिँड्न सके ठीक र हिँड्न नसक्नेहरू गलत हुने बताउनुभयो। "विपीले देखाएको मार्गदर्शनलाई व्यवहारमा कार्यान्वयन गर्न नसके काम छैन", उहाँले भन्नुभयो, "बोलेरभन्दा पनि कर्मबाट विपीका मार्गदर्शनहरूलाई पछ्याउँदै हिँड्न सकेको खण्डमा सफलता प्राप्त हुन्छ।"

प्रतिनिधिसभा सदस्य एवं कांग्रेस स्याङ्जा जिल्ला सभापति राजु थापाले आज पनि विपीका सिद्धान्तहरू उत्तिकै सान्दर्भिक रहेको बताउनुभयो । विचार गोष्ठीमा गण्डकी प्रदेशसभा सदस्य भोजराज अर्याल, महेश भट्टराई, गण्डकी प्रदेशसभाका निवर्तमान सदस्य भागवतप्रकाश मल्ल लगायतले मन्तब्य व्यक्त गर्नुभएको थियो। कांग्रेस स्याङ्जाले पार्टी कार्यालय स्याङ्जामा खुल्ला रक्तदानसमेत गरेको थियो।

## ४ दिनमै साँढे २ करोड खर्च गर्ने पर्यटकको टोली पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

आर्थिक मन्दिले गर्दा नेपालको पर्यटन क्षेत्रमा आश गर्दै पर्ख र हेरको अबस्थामा रहेको समयमा पनि ४ दिनको बसाईमा साँढे २ करोड रुपैया खर्च गर्ने पर्यटक पोखरासम्म आएका छन्। प्राकृतिक, संस्कृतिक सहित सहासिक खेल गतिविधिको केन्द्र रहेको पोखरामा आएको एक पर्यटकको टोली शनिबार पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट पहिलो व्यवसायीक उडान भर्दै बाहिरिएको छ।

नेपालको पर्यटन क्षेत्रमा ३ दशक भन्दा बढी लामो समय काम गर्नु भएका हेमन्तराज कोलाक्षपती र डम्मर प्रधानको नेतृत्वमा अमेरीकाबाट आएका ४१ जनाको टोली पोखरामा एक दिनको बसाई पछि शनिबार भुटान प्रस्थान गरेको हो । काठमाण्डौं, हेलिकोप्टर मार्फत सगरमाथाको माउण्टेन फ्लाई, कुरिनटारमा र्याफ्टीङ, पोखरामा सहासिक खेल प्याराग्लाईडिङ, जिप लाइन गरेको टोलीले नेपालको ४ दिने बसाईको क्रममा जनही करिब ६ लाख ९ हजार खर्च गरेका छन्। यसरी हेर्दा प्रति दिन एक पर्यटकले सामान्यतया एक लाख ५० हजार भन्दा बढी खर्च गर्ने गरेको कोलापक्षपतीले दाबी गरे । अमेरीकन ४१ जना पर्यटकहरुको टोलीको नेतृत्व गर्नु भएको कोलाक्षपती र प्रधानले नेपालको आर्थिक विकासको लागि गुणस्तरिय पर्यटकहरु नै आवश्यक भएकोले आफुहरुले सकेसम्म यस्ता धेरै खर्च गर्ने पर्यटक नेपाल ल्याउने गरेको दाबी गरे । बार्षिक ५ देखि ७ वटा टोलीलाई नेपालमा चार्टर्ड मार्फत यस्ता टोलीहरुको भ्रमण गराउने गरेको प्रधानले बताए।

यतिज होरिडेज नामक संस्थामा नेपालको गुणस्तरिय पर्यटक भित्राउने अभियामना आफुहरु करिब एक दशक देखि लाग्दै आएको उनीहरुले जनाए। टोलीले हेलिकोप्टर मार्फत माउण्टेन फ्लाइट मात्र गरेनन सगरमाथा आधार शिविर जाने बाटोमा पर्ने स्याङवोचे नजिकको पौदेमा हेलिकोप्टर मार्फत ब्रेक फाष्ट समेत गरेको प्रधानले जनाए । टोलीले भक्तपुरमा एक रात गाईजात्राको रौनक समेत अवलोकन गर्ने अवसर प्राप्त गरेको कोलाक्षपतीले बताए।

त्यसै गरी टोलीले लाजिमटार देखि कुरीनटारसम्मको करिब साँढे दुई घण्टाको र्याफ्टीङ समेत गरेको थियो। र्याफ्टीङ गर्न जादा समेत ७ वटा हेलिकोप्टर प्रयोग गरिएको उहँले उल्लेख गरे। टोलीले प्रतिकुल मौसमका कारण पोखरामा अल्ट्रालाइट र मौसम समेत शनिबार राम्रोसंग खुल्न नसक्दा हिमश्रृखलाको अवलोकन गर्न चुके।

पोखरामा गुणस्तरिय खर्चीला पर्यटक ल्याउने बताउदै कोलाक्षपतीले आफुहरुले बार्षिक रुपमा अमेरीका तथा यूरोप एवं एसियन मुलुकका अति नै खर्च गर्न सक्ने पर्यटकहरुको समुहलाई चार्टर्ड मार्फत नेपाल ल्याउने गरेको दाबी गरे। आफुहरुसंग निकै गुणस्तरिय पर्यटकहरु नेपालका नयाँ र पर्यटकीय गन्तव्यमा आउन चाहेको उनले बताए।

उक्त टोलीलाई शनिबार पोखरामा पोखरा पर्यटन परिषदको अगुवाईमा बिदाई समेत गरिएको थियो । गण्डकी प्रदेश सरकारका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री दीपेन्द्र बहादुर थापा, पोखराका मेयर धनराज आचार्य, परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठ, मन्त्रालयका सचिव कुलमान गुरुङले टोलीलाई बिदाई गरेको परिषदका महासचिव संजयकान्त सिग्देलले बताए।

## मेरो राजनीतिक प्रेरणाको स्रोत बिपी नै हुनहुन्छ : सभापति देउवा

**रासस**
काठमाडौं, २४ भदौं

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री एवं पार्टीका संस्थापक नेता जननायक बिपी कोइराला नै आफ्नो राजनीतिक प्रेरणाको स्रोत भएको बताउनुभएको छ।

पार्टीले आयोजना गरेको आजदेखि प्रारम्भ भएको तीन दिने 'बिपी साहित्य महोत्सव'को उद्घाटन समारोहमा उहाँले बिपी आफैमा बहुआयामिक व्यक्तित्व भएको उल्लेख गर्नुभयो। सभापति देउवाले भन्नुभयो, "उहाँ राजनीतिक जगतमा सबैका अनुकरणीय विचारक, चिन्तक हुनुहुन्थ्यो भने साहित्यिक आकाशमा सधैँ अजर र अमर नक्षेत्रको रुपमा आज पनि स्थापित हुनुहुन्छ । उहाँको राजनीतिक चिन्तनले देखाएको मार्ग मै हामी हिँडेका छौँ।"

विपीकै चिन्तनले मुलुक समृद्ध बनाउन सकिने र प्रयत्न भइरहेको उल्लेख गर्दै उहाँले नेपालका सबै राजनैतिक दलहरुले कुनै न कुनै दृष्टिकोणले आज पनि बिपीको विचारमा आकर्षित मात्रै होइन अनुकरण पनि गर्दै आएको बताउनुभयो । महोत्सवले बिपीले प्रतिपादन गरेको राजनीतिक विचार, उहाँका साहित्यिक कृति, उहाँले भोग्नु परेका सङ्घर्षमय जीवन गाथा र उहाँको सामाजिक, आर्थिक तथा धार्मिक सांस्कृतिक दृष्टिकोणलगायतका विविधि पक्षमा आजको युवा पुस्तालाई गहिरो ज्ञान बाँड्नेमा सभापति देउवाले विश्वास व्यक्त गर्नुभयो।

"बिपी सादा जीवनमा विश्वास गर्ने उच्च तहको नेता र प्रसिद्ध साहित्यकार हुनुहुन्थ्यो । हामीले उहाँलाई भेट्दा तिमीहरु ठूलो मान्छे होइन, असल मान्छे बन्नु भन्नुहुन्थ्यो। उहाँले मार्क्स र गान्धीलाई गहिरिएर पढ्नुभएको थियो । प्रेम, शान्ति, अहिंसा र लोकतन्त्रका सन्दर्भमा उहाँ गान्धीसँग र आर्थिक समानताका सवालमा मार्क्सवादी चिन्तनलाई आवश्यक ठान्नुहुन्थ्यो", सभापति देउवाले भन्नुभयो । बिपीले प्रजातान्त्रिक समाजको व्याख्या गर्दै भन्नुभएको र साम्यवादमा प्रजातन्त्र थपिदियो भने समाजवाद हुन्छ र समाजवादबाट प्रजातन्त्र भिकिदियो भने साम्यवाद हुने बिपीको विचार रहेको सभापति देउवाले बताउनुभयो। उहाँले आज कांग्रेस बहुदलीय संसदीय शासन प्रणाली र प्रजातान्त्रिक समाजवादी अर्थ व्यवस्थालाई आफ्नो मूल सिद्धान्त र आर्दश कायम गरेर अघि बढेको बताउनुभयो । सभापति देउवाले समयको अन्तरालसँगै आज हाम्रो मुलुक पनि बिपीले देखाएको प्रणालीमा अघि बढेको तर विभिन्न कारणले स्थायित्व नपाएको उल्लेख गर्दै नेपाल समाजवाद उन्मुख राष्ट्र भनेर संविधानमा नै लेखेको भए पनि यसको मर्मअनुसार अभ्यास गर्न नपाएको धारणा व्यक्त गर्नुभयो । "बिपी राष्ट्रिय मात्रै होइन अन्तर ष्ट्रिय तहको नेता, राजनैतिक विचारक र साहित्यकार हुनुहुन्थ्यो, सबै किसिमका विभेदविरूद्ध आगो ओकल्नु हुन्थ्यो । समावेशीता र सधै नागरिकको न्याय, समानता र स्वतन्त्रताको पक्षमा लडिरहनु भयो भने राष्ट्रियता, प्रजातन्त्र र समाजवादका लागि पहाड झै उभिनुभयो", सभापति देउवाले भन्नुभयो। अन्तर्राष्ट्रिय सम्बन्धका मामिलामा बिपी सबैको सह-अस्तित्व र सम्मानलाई उच्च मान्यतामा राख्नुहुने उहाँको भनाइ छ । राज्यको सिमा र सार्वभैमिकताका लागि सबै छिमेकी मित्रराष्ट्रका समकक्षीसँग मित्रवत ढङ्गले स्वाभिमानका साथ आफ्नो मुलुकका पक्षमा बोल्नु र निर्णय गराई बिपीको स्वभाव रहेको सभापति देउवाको भनाइ छ।

महामानव बिपी कोइरालाको११०औँ जन्मजयन्तीका अवसरमा कांग्रेस केन्द्रीय कार्यसमितिको आयोजना एवं नेपाली लेखक सङ्घको संयोजन एवं नेपाल सांस्कृतिक महासङ्घ, निरन्तर शनिबार र फाइनआर्टको सहयोगमा यही भदौ २४ देखि २६ गतेसम्म चल्ने पार्टी केन्द्रीय कार्यालय सानेपामा महोत्सव हुनेछ । कांग्रेस केन्द्रीय कार्यसमितिको गत साउन २ देखि १० गतेसम्म भएको बैठकले ११० औँ बिपी जन्मजयन्तीको अवसरमा बिपी साहित्य महोत्सव आयोजना गर्ने निर्णय गरेको थियो। कांग्रेसले जननायक बिपी कोइरालाको जन्मदिन भदौ २४ गतेलाई हरेक वर्ष बिपी जन्मजयन्तीका रूपमा मनाउँदै आएको छ । राष्ट्रियता, लोकतन्त्र र समाजवादका क्षेत्रमा उहाँले पुऱ्याउनु भएको अतुलनीय योगदान नेपाली राजनीतिक इतिहासमा अजर र अमर छ । आजको राजनीतिक परिवेशमा समेत बिपीको विचारको महत्व उत्तिकै सान्दर्भिक छ । विश्वेश्वरप्रसाद कोइरालाका नामले नेपाली साहित्याकाशमा पनि उहाँ शीर्ष स्थानमा हुनुहुन्छ।

महोत्सवमा कविता साँझ, गजल साँझ, साङ्गीतिक साँझ, चित्रकला प्रदर्शनी, वृत्तचित्र प्रदर्शनी, ऐतिहासिक फोटो प्रदर्शनीलगायत कार्यक्रम हुने कांग्रेसको सूचना, सञ्चार तथा प्रचार विभागका प्रमुख मीनबहादुर विश्वकर्माले जानकारी दिनुभयो।

## भ्रष्टचारविरुद्धको अभियान रोकिन्न : नेता पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

नेकपा (माओवादी केन्द्र) का सचिव एवं गण्डकी प्रदेश इन्चार्ज देवेन्द्र पौडेलले सरकार भ्रष्टचार विरुद्धको अभियानबाट पछि नहट्ने बताउनुभएको छ।

पोखरामा आइतबार आयोजित प्रेस सेन्टर नेपाल, गण्डकी प्रदेश समितिको पूर्ण बैठकमा उहाँले सुशासन, समृद्धि र सामाजिक न्यायका पक्षमा सरकार दृढ रहेको उल्लेख गर्नुभयो । "बरु सरकार छोड्न परे पनि जनतालाई अपिल गरेर छोड्छौँ, तर सुशासनको अभियानलाई बीचमै राक्दैनौँ", नेता पौडेलले भन्नुभयो, "भ्रष्टाचार विरुद्धको अभियान थालेपछि देशव्यापी रूपमा सरकार र पार्टीप्रति सकारात्मक सन्देश गएको छ ।" उहाँले तीन महिने पार्टी रूपान्तरण अभियानले माओवादी केन्द्रलाई पुनः जनतामा स्थापित गर्ने बताउनुभयो । "विधान अधिवेशनमार्फत साङ्गठानिक सुधारसँगै विचार र कार्यक्रममा पनि व्यापक बहस गरेर अगाडि बढ्छौँ", नेता पौडेलले भन्नुभयो, "पार्टीलाई नयाँ पुस्तासँग जोड्ने गरी लाग्नुपर्ने आवश्यकता छ ।" परिवर्तनका संवाहक दल भएर पनि माओवादीले आफ्ना मुद्दा र उपलब्धिलाई जनस्तरमा स्थापित गर्न नसकेको उहाँले बताउनुभयो। "संसद्मा पनि हामी एक्लो जस्ता छौँ, आलोचक दल धेरै छन्, हामीले त्यसको प्रतिवाद गर्न सकिरहेका छैनौँ", नेता पौडेलले भन्नुभयो, "माओवादी आन्दोलनबाट प्राप्त उपलब्धिलाई कमजोर पार्न एकथरि तत्व सक्रिय छ।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## ललिता निवास प्रकरणमा तुलाधरबाहेक सबै धरौटीमा थुनामुक्त

**रासस**
काठमाडौं, २४ भदौं

जिल्ला अदालत काठमाडौँले ललिता निवास जग्गा प्रकरणमा पक्राउ परेका व्यवसायी मीनबहादुर गुरुङसँग रु दुई करोड ४६ लाख धरौटीमा छाड्ने आदेश गरेको छ।

न्यायाधीश भोलानाथ ढकालको इजलासले आज उक्त धरौटी लिएर थुनामुक्त गर्न आदेश गरेको हो । बालुवाटार स्थित ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा नामसारी गरेको प्रकरणमा जिल्ला सरकारी वकिल कार्यालयले सरकारी कागजात कीर्ते आरोपमा मुद्दा चलाएको थियो।

अदालतका स्रेस्तेदार कौशलेश्वर ज्ञवालीका अनुसार केशव तुलाधरलाई साधारण तारिखमा र अरू सबै आरोपितलाई धरौटीमा छाड्न आदेश दिएको हो। धरौटी रकम भने सबैको फरक फरक छ। धरौटी रकममा शिवजी भट्टसँग रु तीन लाख ३० हजार, रुद्रकुमार श्रेष्ठसँग रु सात लाख ५० हजार, बालकृष्ण श्रेष्ठसँग रु सात लाख ५० हजार, कलाधर देउजासँग रु १५ लाख रहेको छ। त्यस्तै, घमनकुमार कार्कीसँग रु सात लाख ५० हजार, गोपाल कार्कीसँग रु सात लाख ५० हजार, विनोद पौडेलसँग रु १५ लाख, योगराज पौडेलसँग रु सात लाख ५० हजार, नारायणराज मिश्रसँग रू सात लाख ५० हजार, अरुणकुमार श्रेष्ठसँग रु सात लाख ५० हजार धरौटी माग गरेको हो।

साथै, ध्रुवप्रसाद अर्यालसँग रु तीन लाख ३० हजार, बाबुराजा महर्जनसँग रु एक लाख १० हजार, देवनारायण महर्जनसँग रु एक लाख १० हजार, सकलानन्द महर्जनसँग रु एक लाख १० हजार, सञ्जयकुमार महर्जनसँग रू एक लाख १० हजार र लोकरी घिमिरेसँग रु एक लाख ५० हजार रहेको छ ।

# रेडियो जननीको तीज गित प्रतियोगितामा खहरे आमा समुह प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

रेडियो जननी ९०.६ मेगाहर्जले आयोजना गरेको नवौं तीज गित प्रतियोगितामा खहरे आमा समुह वडा नं. ६ प्रथम हुन सफल भएको छ।

हरितालिका तीजको अवसरमा "महिलाको आर्थिक सशक्तिकरणको लागि उद्यमशिलता, आजको आवश्यकता र सम्भावनाहरु" भन्ने उद्घोषका साथ रेडियोले आयोजना गरेको प्रतियोगितामा पशुपति क्षेत्र दिदीबहिनी समुह वडा नं. ८ द्धितिय, जयमुल आमा समुह वडा नं. २ तृतीय र कमल जौसी आमा समुह वडा नं. २५ सान्त्वना हुन सफल भएका छन्। प्रतियोगितामा प्रथम, द्धितिय, तृतीय र सान्त्वनालाई क्रमश : २० हजार, १५ हजार, १० हजार र ५ हजार नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिएको थियो । त्यस्तै प्रतियोगितामा उत्कृष्ट नृत्यमा बुहारी सशक्तिकरण समाज र उत्कृष्ट भेषभुषामा माछापुच्छ्रे आमा समुह वडा नं. १४ लाई तीन/तीन हजार नगद पुरस्कार प्रदान गरिएको थियो । प्रतियोगितामा प्रजापति पराजुली, सम्झना अधिकारी र सावित्री गिरीले निर्णायकको भूमिका निर्वाह गरेका थिए। यसअघि कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यसचिव लक्ष्मीकुमारी बस्नेतले पहिलेका तिजका भाकामा पिडादायी शब्दहरु पाउन सकिन्थ्यो भने अहिले सम्बृद्धि र आर्थिक सशक्तिकरणका सन्देशलाई सुन्न पाइन्छ जुन सकारात्मक विषय भएको बताउनुभयो। उहाँले तिज एउटा महत्वपूर्ण धार्मिक पर्व भएकोले अवको सन्ततीले संस्कृतिको जगेर्ना गर्दै निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो। रेडियो जननीको यो कार्यक्रमले सांस्कृतिक संरक्षणमा भूमिका खेल्ने बताउनुभयो। अबको कदम भनेको महिलाको आर्थिक सशक्तिकरणतिर अघि बढ्नुपर्ने उहाँको भनाई थियो। कार्यक्रममा स्वागत गर्दै रेडियोका अध्यष हिरा भट्टराईले सुरुवातमा महिलाले मात्र सञ्चालन गरेको रेडियोमा समानताको लागि अहिले पुरुषहरुलाई पनि समावेश गरेको जानकारी दिनुभयो । उहाँले १८ जनाबाट सुरुवात गरेको रेडियोमा अहिले थुप्रैलाई रेडियोसँग जोड्न सफल भएको जानकारी दिनुभयो । धेरैको साथ र सहयोगले यो स्थान सम्म आइपुगेकोले सहयोगी मनहरु सम्पूर्णलाई भट्टराईले आभार सहित धन्यवाद ज्ञापन गर्नुभयो । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्यबहादुर खड्का विखर्चीले आजभोली कर्म गर्ने संस्कारमा कमी आएको भन्दै रेडियो जननीले कर्म गर्दै उद्यमी बन्न सिकाएको बताउनुभयो । पोखरा महानगरपालिका वडा नं. १४ का वडाध्यक्ष बोधबहादुर कार्कीले रेडियो जननीले महिला दिदीबहिनीहरुलाई उद्यमी बनाएर अगाडी बढ्न अग्रसर गराएकोले यसको उच्च मुल्याङ्कन गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा पोखरामहानगरपालिका वडा नं. १९ का महिला जनप्रतिनिधि दुर्गा बस्नेत र वडा नं. ८ का वडासचिव सविता ढुङ्गानाको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा रेडियोका सञ्चालक समितिका सदस्य/सल्लाहकार, आजीवन सदस्यहरु र आमा समुहहरुको उल्लेख्य सहभागीता रहेको थियो । ३५ वटा समुहले सहभागीता जनाएकोमा उत्कृष्ट ६ वटा समुहलाई फाइनलमा प्रतिष्पर्धा गराइएको कार्यक्रम संयोजक मैया थापाले जानकारी दिनुभयो । कार्यक्रममा जोजिजु म्यूजिक सेन्टरका कलाकारहरु हरीमाया जोजिजु, सानु जोजिजु, उत्प्रेम जोजिजु,खउत्प्रेरण जोजिजुले वाध्यवाधनद्धारा राष्ट्रिय गानको धुन र स्वागत धुन प्रस्तुत गरेका थिए । कार्यक्रम गण्डकी प्रज्ञा प्रतिष्ठान गण्डकी प्रदेश, कृषि बिकास बैकं गण्डकी प्रदेश, माछापुछ्रे बैक गण्डकी प्रदेश, नोभा डेरी, स्प्रीत्त ले पानीको सहयोगमा आयोजना भएको हो। कार्यक्रममा प्रथम पुरस्कार प्रायोजन पद्यमावती मिडीया प्रा.ली.का प्रोपाइटर हिरा भट्टराई, द्धितीय पुरस्कार प्रायोजन विनोद खकुरेल, लिला खकुरेल काठमाण्डौ, तृतीय पुरस्कार प्रायोजन रेडियोका शेयर सदस्य तथा वरीष्ठ स्त्री रोग बिशेषज्ञ डाःगोमा तुलाचन, सान्तवना पुरस्कार छिनेडाँडा पोखरा १४ का समाजसेवी सबिता कार्की गर्नुभएको थियो भने रेडियोका शेयर सदस्य तथा एम पी चष्मा घरका जुना पन्त, रेडियोका वोर्ड सदस्य देवकुमारी हिराचन, शेयर सदस्य सीता पाण्डे, ईनफोम्याटीम ईन्स्टिच्युट सृजनाचोक, जर्मन बेकरी, रिलायबल नेपाल लाईफ ईन्स्युरेन्स पृथ्वीचोक शाखा, आजीवन सदस्य लायन्स क्लब अफ पोखराका निवर्तमान अध्यक्ष लक्ष्मि रेग्मी, पोखरा १७ का विमल भट्टराई, मुस्तात्त चोक पोखरा प्रमकुमारी केसी र पोखरा १७ का कमल भट्टराईले पनि सहयोग गरेका थिए । रेडियो जननीका अध्यष हिरा भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा धन्यवाद ज्ञापन रेडियोका निवर्तमान अध्यक्ष सविता शेरचन र कार्यक्रम सञ्चालन रेडियोका कार्यक्रम संयोजक सबु पाठकले गर्नुभएको थियो।



# शिवशक्ति क्याम्पसको ३१ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

पोखरा महानगरपालिका वडा नं १३ फूलबारीस्थित शिवशक्ति क्याम्पस (साविक शिक्षा महाविद्यालय)को ३१ औं स्थापना दिवस एवं १५ औं वार्षिक साधारण सभा शनिबार सम्पन्न भयो।

गण्डकी प्रदेशका पूर्व मन्त्री एवं प्रदेश सभा सदस्य विन्दुकुमार थापाले समारोहको उद्घाटन गर्दै शिवशक्तिलाई नमुना क्याम्पस बनाउन लागिपर्नु पर्ने बताए । विद्यार्थी भर्नादर बढाउन अभियान नै सञ्चालन गर्नुपर्ने उनको जोड थियो । उनले क्याम्पसको जग्गाप्राप्ति प्रक्रिया यथाशीघ्र बढाउनुपर्ने धारणा राखे। पोखरा ११ का वडाध्यक्ष प्रेमप्रसाद कर्माचार्यले क्याम्पस वडाको गहनाका रुपमा रहेको बताए । विज्ञहरुसँग अन्तर्क्रिया गरी अबको गन्तव्य तय गर्नुपर्नेमा जोड दिए। वडाले शिक्षालाई प्राथमिकतामा राखेको छ भन्दै उनले नैतिक तथा प्राविधिक शिक्षामा जोड समेत दिए। क्याम्पस सञ्चालक समितिका अध्यक्ष टुवराज बास्तोलाले आफ्नो वार्षिक कार्ययोजना प्रस्तुत गर्दै क्याम्पसको लागि जग्गा प्राप्ती र क्याम्पसमा सम्पुर्ण कक्षाहरू विद्युत्तिय संचार माध्यमको र सामग्रीको प्रयोग प्रचुर मात्रामा गरी स्मार्ट वोर्ड सहितका स्मार्ट कक्षाहरू संचालनको लागि अगाडि बढिरहेको भने । क्याम्पसको व्यवस्थापकीय पाटो सवल बनाउन सञ्चालक समिति खटिरहेको अध्यक्ष वाँस्तोलाले वताए। सो अवसरमा सञ्चालक समिति अध्यक्ष बास्तोलाले आमाबुवा स्व.ओमनाथ तथा पवित्रादेवी बास्तोलाको स्मृतिमा १ लाख १ हजारको अक्षयकोष स्थापना गरे। कार्यक्रमबीच शैक्षिक एवं अतिरिक्त क्रियाकलापतर्फका पुरस्कार वितरण गर्नुका साथै विद्यार्थीले विभिन्न सांस्कृतिक प्रस्तुति र कविता वाचन गरेका थिए । क्याम्पस प्रमुख चन्द्रकान्त रेग्मीले क्याम्पसको दीर्घकालीन व्यवस्थापनका लागि सबैको पहल आवश्यक छ भन्दै हालको समयमा सामुदायिक क्याम्पसहरु सञ्चालन गर्न चुनौतीपूर्ण रहेको औंल्याए । कार्यक्रममा क्याम्पस सञ्चालक समिति पूर्व अध्यक्ष दामोदर बास्तोला, सल्लाहकार प्रेमबहादुर कुँवर, शिवशक्ति माविका प्रधानाध्यापक शम्भुराज बास्तोला, कन्या क्याम्पस प्रमुख सुरेश मानन्धर, मणिपाल शिक्षण अस्पतालका कार्यकारी निर्देशक अनिल ओडेविल, निवर्तमान क्याम्पस प्रमुख दीपक बास्तोला लगायतले वोलेको थिए। समारोहबीच पूर्व अध्यक्षद्वय दामोदर बास्तोला र योगराज बास्तोला, पूर्व कार्यवाहक अध्यक्ष मायादेवी तझ्या, पूर्व क्याम्पस प्रमुख दीपक बास्तोला, सहायक क्याम्पस प्रमुख रमेश थापा, पूर्व लेखा प्रमुख ज्ञानहरि आचार्य लगायत प्राध्यापक युक्ता थापा, मुक्तिनाथ अधिकारी, गणेश शर्मा, तोलाकान्त न्यौपाने, शान्ति सिग्देल तथा लीलावती पनेरुलाई सम्मान गरिएको थियो। क्याम्पस सञ्चालक समितिका अध्यक्ष टुवराज बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा सहायक क्याम्पस प्रमुख रमेश थापाले संचालन गरेका थिए।



# भूमिअधिकार मञ्च कास्कीको अध्यक्षमा पुन: प्रेम गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

पोखरामा आइतबार सम्पन्न राष्ट्रिय भुमिअधिकार मञ्च नेपाल कास्की जिल्ला मञ्चको पाँचौ अधिवेशनले पुनः प्रेम बहादुर गुरुङको अध्यक्षतामा १९ सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ।

मञ्चको उपाध्यक्षमा बुद्धि पुन, सचिवमा कुमारी गुरुङ, सहसचिवमा विष्णु भट्टराई, कोषाध्यक्षमा लेखमाया थापा र सदस्यहरुमा गोमा तामाङ पराजुली, वेलमाया गुरुङ, शान्ति गुरुङ, हरिकुमारी गुरुङ, मुना श्रीस, याता माया तामाङ, लोक बहादुर पुन, मानबहादुर गुरुङ, मिन बहादुर विक, डिलबहादुर तामाङ, त्रिवेणी प्रसाद, गोविन्द नेपाली र लोक बहादुर सेन सर्वसम्मत चयन भएका छन् । कार्यक्रमको गण्डकी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्री महेन्द्रध्वज जिसिले उद्घाटन गर्दै भुमि व्यवस्था मन्त्रालय भएतापनि प्रदेश मन्त्रालयमा भूमिको काम गर्न पाउने गरी कानुनी व्यवस्था नभएको वताए । साथै उनले भूमिहिन सुकुम्बासी, अव्यवस्थित वमोवासीहरुको समस्यालाई नजिकबाट हेरिरहको वताउँदै समाधानको लागि प्रदेश सरकारले जहजीकरण गर्ने वताए।

सोही अवसरमा पत्रकारहरु अनुपप्रकाश पौडेल, कृष्ण रानाभाट र मधु अधिकारी तथा कास्की जिल्ला मञ्चका गतिविधिहरुमा सक्रियता पूर्वक सहभागि भई विभिन्न सहयोग गर्ने व्यक्तिहरुलाई सम्मान पत्र द्धारा सम्मान गरिएको थियो । त्यसैगरी कास्की जिल्ला भित्र रहेका २० वटा टोल मञ्च र तथा पोखरा-९ का कृष्णटोल आमा समुह, शिव टोलविकास संस्था, पार्वती टोलविकास संस्था र शुभकामना टोलविकास संस्थाहरुलाई प्रशंसा पत्रद्धारा सम्मान गरिएको थियो । सो अवसरमा राष्ट्रिय भूमिअधिकार मञ्चका संरक्षक ल्यामबहादुर दर्जी, जिल्ला समन्वय समिति कास्कीका प्रमुख लीलाधर पौडेल, नेकपा एमाले कास्कीका उपाध्यक्ष तेज नारायण अधिकारी, राष्ट्रिय भूमिअधिकार मञ्च नेपालका केन्द्रिय कोषाध्यक्ष सुनिता विश्वकर्मा, केन्द्रिय सदस्य तथा राष्ट्रिय भूमि आयोग कास्कीका प्रवक्ता आसबहादुर गुरुङ, राष्ट्रिय महिला अधिकार मञ्चकी केन्द्रिय उपाध्यक्ष दिलमाया गुरुङ, भूमि अधिकार तथा श्रमिक संगठन नेपालका केन्द्रिय सचिव लक्ष्मी प्रसाद अधिकारी, नेकपा माओवादी केन्द्र कास्कीका प्रतिनिधि अर्जुन मल्ल, मञ्चका गण्डकी प्रदेश सचिव निर्मल नेपाली लगाएतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कास्की मञ्चकी सचिव कुमारी गुरुङको प्रगति प्रतिवेदन र कोषाध्यक्ष नन बहादुर श्रेष्ठको आर्थिक प्रतिवेदन पारित गरिएको थियो । जिल्ला मञ्च कास्कीका अध्यक्ष प्रेमबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत रामबहादुर लामिछानेले र संचालन सचिव कुमारी गुरुङले गरेकी थिइन।



# २५ औं लामाचौर तीज महोत्सव तयारी, मुख्य आकर्षण लामौचार कप राष्ट्रिय भलिबल

**पोखरापत्र संवाददाता**
पोखरा, २४ भदौं

नवआदर्श सामुदायिक विकास समाज (नाकोड्स) को आयोजनामा २५ औं संस्करणको लामाचौर तीज महोत्सव हुने भएको छ।

संस्थाको २७ औं वार्षिक समारोह एवं तीज अवसरमा आगामी भदौ ३० देखि असोज १ सम्म लामाचौरको इन्द्रराज्यलक्ष्मी माविको प्रांगणमा सो महोत्सव हुन लागेको हो । आइतबार आयोजित पत्रकार सम्मेलनमा संस्थाका अध्यक्ष स्वागतसिंह भण्डारीले संस्कृतिको जगेर्ना एवं खेलकुदको विकास गर्ने उद्देश्यले विषम परिस्थितिबीच पनि महोत्सव आयोजना गरिएको बताए।


"मौलिक संस्कृतिको जगेर्ना गरौं" भन्ने उद्धोषका साथ आयोजित महोत्सवको मुख्य आकर्षण राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगिता 'लामाचौर कप' हो । १० औं संस्करणको लामाचौर कप राष्ट्रिय भलिबलमा महिलातर्फ ४ र पुरुषतर्फ ५ टिमले भाग लिने अध्यक्ष भण्डारीले बताए । महिला राष्ट्रिय भलिबलतर्फ विभागीय सशस्त्र प्रहरी बल एपिएफ क्लब, नेपाल पुलिस क्लब, न्यु डायमण्ड युथ स्पोर्टस् क्लब र न्यु एभरेष्ट भलिबल क्लब बुटवलले भाग लिने छन्। त्यस्तै पुरुष राष्ट्रिय भलिबलमा मणिमुकुन्द भलिबल क्लब बुटवल, सशस्त्र प्रहरी बल, नेपाल पुलिस क्लब, गलकोट स्पोर्टस् क्लब बागलुङ र गण्डकी प्रदेशको टिमबीच प्रतिस्पर्धा हुनेछ। पुरुष भलिबल गत वर्षदेखि सुरु भएको हो । महिला तथा पुरुषतर्फ विजेता दुवैलाई १ लाख ५० हजार, उपविजेतालाई १ लाख, तेस्रोलाई ५० हजार पुरस्कार साथमा शिल्ड, मेडल र प्रमाणपत्र दिइनेछ । साथै, सर्वोत्कृष्ट खेलाडी एवं विधागत पुरस्कार पनि व्यवस्था गरिएको आयोजकले जनायो। यस्तै, अन्तरविद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, अन्तरमहिला समूहगत खुला तीज गीत प्रतियोगिता पनि महोत्सवको अर्को आकर्षण हुन् । ३ दिनसम्म चल्ने महोत्सवमा राष्ट्रिय कलाकार चिज गुरुङ, लक्ष्मी मल्ल, दीपक खड्का, चोलेन्द्र पौडेल, रामजी पौडेल, ज्योति लोहनी, लक्ष्मी बानियाँ, सरस्वती लामिछाने, मधु थापा लगायतको विशेष प्रस्तुति रहनेछ । औद्योगिक तथा व्यापार प्रदर्शनीका स्थलहरु रहने छन् भने मणिपाल शिक्षण अस्पताल सहकार्यमा हेल्थ क्याम्प सुविधा पनि हुनेछ । तीज गीत प्रतियोगितामा प्रथमलाई ५० हजार, दोस्रोलाई ३० हजार, तेस्रोलाई २० हजार र सान्त्वनालाई १० हजार र सहभागी टिमलाई प्रोत्साहनवापत २ हजार व्यवस्था गरिने छ । अन्तरविद्यालयस्तरीय लोकनृत्यमा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना ९३ टिम० लाई क्रमशः ४०, २५, १५ र ५ हजार तथा उत्कृष्ट भेषभूषालाई ५ हजार पुरस्कृत गरिने भएको छ। शिक्षा, साहित्य, खेलकुद, युवा उद्यमशीलता विकासका क्षेत्रमा योगदान दिने श्रष्टालाई सम्मान र छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइएको संस्थाका प्रथम उपाध्यक्ष तथा सूचना तथा प्रचार प्रसार उपसमिति संयोजक दिनेश भण्डारीले बताए । महोत्सव सम्पन्न गर्न ५२ लाख ७७ हजार ५ सय खर्च लाग्ने अनुमान रहेको अर्थ संकलन तथा टिकट व्यवस्थापन समिति संयोजक बुद्धिबहादुर खत्री क्षत्रीले बताए।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# हिमालय एयरलाइन्सद्वारा चीनको छिङदाओमा उडान सुरु

**रासस**
काठमाडौं, २४ भदौं

हिमालय एयरलाइन्सले काठमाडौंदेखि चीनको पर्यटकीय सहर छिङदाओमा हवाई उडान सुरु गरेको छ । एयरलाइन्सले चीनतर्फ गन्तव्य विस्तारका क्रममा छिङदाओमा आजदेखि चार्टर्ड उडान सुरु गरेको हो ।

दुई देशबीच पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले काठमाडौंबाट छिङदाओमा सिधा उडान सञ्चालन गरिएको एयरलाइन्सका उपाध्यक्ष विजय श्रेष्ठले जानकारी दिनुभयो । उहाँले कम्पनीले चीनका कम्तीमा १० गन्तव्यमा उडान गर्ने लक्ष्य रहेको जनाउँदै १० लाख पर्यटक भित्र्याउने बताउनुभयो । "हिमालयको उडान पर्यटकीय दृष्टिकोणले हेरिनुपर्छ भन्ने लाग्छ । हाम्रो आठ वर्षे हवाई यात्राका दौरान चीनसँगको सम्बन्ध प्रगाढ तुल्याउँदै बढी भन्दा बढी पर्यटक भित्र्याउने लक्ष्य रहेको छ", उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, "अहिलेसम्म जतिपनि उडान भए नयाँ गन्तव्य विस्तार गरेर पर्यटन प्रवर्द्धनमा प्रयास गरिरहेका छौं ।" त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा छिङदाओको पहिलो उद्घाटन उडानमा सवार यात्रुलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, नेपालका लागि चिनियाँ राजदूत छेन सोङ (त्रजभल क्यलन) हिमालय एयरलाइन्सका अध्यक्ष भ्रो एनयोडले स्वागत गर्नुभएको थियो । उद्घाटन उडानका अवसरमा आयोजित पत्रकार सम्मेलनमा पर्यटनमन्त्री किरातीले चीनको सांस्कृतिक एवं पर्यटकीय सहर छिङदाओमा हिमालयले पहिलो पयटक उडान भरेर पर्यटनका लागि महत्वपूर्ण योगदान गरेको उल्लेख गर्नुभयो ।"हिमालयएअरलाइन्सले काठमाडौं–छिङदाओ–काठमाडौं उडान सेवाको सुरुवात गरेकोमा अत्यन्तै हर्षित भएको छु । यस प्रकारको सेवानेपालर चीनबीचको सम्बन्धलाई मजबुत बनाउने प्रतिबद्धताको उदाहरण हो", उहाँले भन्नुभयो, "छिङदाओमा चीनको एक लोकप्रिय सांस्कृतिक र आर्थिक सहर भएकाले दुई देशबीच पर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ ।"

पर्यटनमन्त्री किरातीले दुई देशबीचको पर्यटन र व्यापारको प्रचुर सम्भावना रहेको उल्लेख गर्दै यस उडानले त्यस तर्फ निर्णायक भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । "यस रुटबाट हिमालय एअरलाइन्सले उल्लेखनीय चिनियाँ पर्यटक नेपाल भित्र्याउने विश्वास लिएको छु", मन्त्री किरातीले भन्नुभयो, "यसै अवसरमा म छिङदाओमावासीलाई नेपाल भ्रमणको निमन्त्रणा पनि दिन चाहन्छु ।" पर्यटनमन्त्री किरातीले चिनियाँ र नेपाली संस्कृति मिल्दोजुल्दो रहेकाले नेपालमा चिनियाँ नागरिक धेरै भित्र्याउन सके पर्यटन क्षेत्रमा नयाँ आयाम थपिने बताउनुभएको थियो । चीनका विभिन्न गन्तव्यबाट नेपालमा उडान गर्न उहाँले आग्रह गर्दै त्यसका लागि सहजीकरण गर्न मन्त्रालय प्रतिबद्ध रहेको जनाउनुभयो । राजदूत सोङले काठमाडौं–छिङदाओ–काठमाडौं उडानको आरम्भहुनु भनेको नेपाल–चीनबीचको बढ्दो सहयोगको प्रमाण भएको बताउनुभयो । उहाँले चीनले नेपालको हवाई पूर्वाधार विकासमा सक्रिय भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्नुभयो । "यस नयाँ रुटले नेपालको उड्डयन उद्योगमा नयाँ गति ल्याउनेछ र नेपाललाई भूपरिवेष्ठितबाट भू–जडित देशका रुपमा रुपान्तरण गर्न योगदान पुऱ्याउनेछ", राजदूत सोङले भन्नुभयो, "यसले हाम्रो द्विपक्षीय सम्बन्धमा नयाँ अध्यायको प्रतिनिधित्व गर्दै दुई देशबीचको मित्रता र सहयोगमा महत्वपूर्ण योगदान पुऱ्याउने छ ।" एयरलाइन्सका अध्यक्ष एनयोडले भन्नुभयो, "काठमाडौं–छिङदाओ–काठमाडौं उडानको सुरुवात हुनु भनेको हिमालय एअरलाइन्स्‌का लागि महत्वपूर्ण उपलब्धि हो । छिङदाओ चीनको महत्वपूर्ण व्यापारिक र वित्तीय केन्द्र हो जसले एसियालाई युरोपसँग जोड्छ । यसले दुई देशबीचको कनेक्टिभिटी, सांस्कृतिक आदानप्रदान, पर्यटन र व्यापार अभिवृद्धिमा भूमिका निर्वाह गर्न पाउँदा हामी अत्यन्तै गौरवान्वित छौं ।" इस उडानमार्फत दुवै देशले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य लिएको कम्पनीले जनाएको छ । छिङदाओबाट काठमाडौं आउने सिधा उडान छैन । यो उडान चिनियाँ पर्यटकका लागि लक्षित छ । साताको चार उडान गर्ने र यात्रुको चाप अनुरुप आगामी दिनमा उडान थप्ने योजना रहेको कम्पनीले उल्लेख गरेको छ । हिमालय एयरलाइन्सले अहिले चीनको बेइजिङ, चोङचिङ, चाङ्सा, नानिङ र गोयाङमा उडान गर्दै आएको छ ।

पहिलो उडानमा एकसय १४ यात्रु सवार थिए । पहिलो आउटबाउन्ड उडान, ज्ढ ठद्दद्द, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थानीय समय अनुसार बिहान ९:१५ मा प्रस्थान गरेको थियो । छिङदाओको जियाओडोङ अन्तर्राष्ट्रिय विमानस्थलमा स्थानीय समय अनुसार साँझको ५:२२ बजे अवतरण गर्नेछ । यस उडानको अवधि ५ घण्टा ५० मिनेटको रहनेछ ।

सेप्टेम्बरमा साताको चार चार्टर्ड उडान हुनेछ । प्राधिकरणसँग अनुमति लिएर अक्टोबरदेखि नियमित उडान सुरु गर्ने योजना रहेको एयरलाइन्सले जनाएको छ । चीनको छिङदाओ पूर्वी शानडोङ प्रान्तको महत्वपूर्ण सहर हो । चिनियाँ अक्षरहरुमा सहरको नामको शाब्दिक अर्थ 'सियान टापु' हो ।

एयरलाइन्सले चीनमा पहिलो नियमित उडान सन् २०१९ अक्टोबरमा बेइजिङमा गरेको थियो । कम्पनीले पछिल्ला वर्षमा चीनका विभिन्न १० गन्तव्यमा चार्टर्ड उडान गर्दै आएको छ । कम्पनीले दुबई, मलेसिया, कतार, साउदी अरेबिया, बङ्गलादेशलगायत गन्तव्यमा पनि नियमित उडान गर्दै आएको जनाएको छ ।

# बाइस वर्षदेखि मिसन अस्पताल बन्द

**पोखरापत्र संवाददाता**
पर्वत, २४ भदौं

करिब दुई दशकअघिदेखि यहाँको मिसन अस्पताल बन्द छ । विकट गाउँका बासिन्दालाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले दक्षिण पर्वतको पैंयु गाउँपालिका–४ हुवासमा स्थापना गरिएको अस्पताल सम्बन्धित निकायको बेवास्ताका कारण अझै बन्द छ ।

सशस्त्र द्वन्द्वका क्रममा असुरक्षाका कारण बन्द भएको उक्त अस्पताल सञ्चालनमा नआउँदा सर्वसाधरणले सास्ती खेप्दै आएका छन् । वि.सं. २०५० मा स्थापना गरिएको सो अस्पताल सञ्चालनको आठ वर्षमै बन्द भएपछि गाउँलेले उपचारमा सास्ती व्यहोर्नुपरेको हो । उनीहरूले पटक–पटक अस्पताल सञ्चालन गर्नका लागि आग्रह गर्दै आएका छन् ।

पन्ध्र शय्याको उक्त अस्पताल बन्द भएको दुई दशक बित्दा पनि सञ्चालनमा कसैले चासो दिएका छैनन् । त्यतिबेला अस्पतालमा दुई अमेरिकी र चार नेपाली चिकित्सक कार्यरत थिए । विशेषज्ञसुविधासहित सबैखालका शल्यक्रियासमेत हुने अस्पतालबाट तत्कालीन अवस्थामा पर्वत, स्याङ्जा र गुल्मीका सर्वसाधारण लाभान्वित थिए । व्यक्तिको १५ रोपनी जग्गामा 'एडभान्टिस्ट फन्ट मिसन' नामक अमेरिकी संस्थाले रु एक करोड लगानीमा निर्माण गरेको उक्त अस्पतालका चार भवन र फर्निचर अहिले जीर्ण बनेका छन् ।

अस्पताल भवन र आवासगृहमा लगाएको टायल फुटेपछि चुहिन थालेको छ । समयमै मर्मत नगरे भवन भत्कने उक्त अस्पतालका पूर्वरजिष्ट्रार गङ्गा न्यौपानेले बताउनुभयो । "द्वन्द्वकालमा अमेरिकी सरकारले आफ्ना सबै चिकित्सक फिर्ता बोलायो", उहाँले भन्नुभयो, "उनीहरु गएपछि अस्पताल नै बन्द भयो ।" अस्पताल बन्द भएपछि सरकारले सञ्चालनमा चासो नदिँदा आफूहरू समस्यामा परेको स्थानीय समाजसेवी लालबहादुर प्रधानले बताउनुभयो । "पाल्पाको मिसन अस्पतालको अवधारणाअनुसार निर्माण भएको यो अस्पताल बन्द भएपछि बिरामी उपचारका लागि पोखरा, स्याङ्जा, बुटवल, पाल्पा, भैरहवालगायत ठाउँ जान बाध्य छन्", प्रधानले भन्नुभयो । सबै किसिमका बिरामीको जाँच गर्ने गरिएकाले अस्पतालमा दैनिक ५० देखि एक सय जनासम्म बिरामी उपचारका लागि आउने गर्थे । पैंयु गाउँपालिकाको केन्द्र रहेको हुवास बजार जिल्लाको प्रमुख व्यापारिक नाकामध्येको एक भए पनि उक्त स्थानमा सुविधासम्पन्न स्वास्थ्यचौकी स्थापना नहुँदा स्थानीय सास्ती भोग्न बाध्य भएका बेला गत वर्षदेखि पालिकाले आधारभूत अस्पताल सञ्चानमा ल्याएपछि भने केही राहत महसुस गरेका छन् । अस्पताल सञ्चालन भए पनि पर्याप्त चिकित्सक र उपकरण नहुँदा सामान्य रोगबाहेकका बिरामी पोखरा, पाल्पा, काठमाडौं नै धाउनुपर्ने अवस्था छ । स्थानीय तहले समेत अलपत्र अस्पताल र त्यहाँ रहेका सामानको व्यवस्थापनमा चासो नदिएको स्थानीय अनिता शर्माले बताउनुभयो । "अस्पताल सञ्चालन गर सबैसँग आग्रह गऱ्यौं", प्रदेशसभा सदस्य मित्रलाल बस्यालले भन्नुभयो, "सञ्चालनमा कसैले चासो दिएनन् ।" अस्पताललाई सरकारले सञ्चालनमा ल्याउन सके आफूहरूले महँगो रकम तिरेर उपचार गर्न अन्यत्र जानुपर्ने समस्या हट्ने उहाँको भनाइ छ । गाउँलेले स्थानीय प्रशासन, राजनीतिक दलका प्रतिनिधिसँग अस्पताल सञ्चालनका लागि पहल गरिदिन आग्रह गरे पनि कसैले चासो नदिएको बताएका छन् ।

# अभिभावक शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा २४ भदौं

हाम्रो प्रतिबद्धता : बालमैत्री वातावरणमा प्राविधिक एवम् गुणस्तरीय शिक्षा भन्ने मूल नाराका सहित अभिभावक शिक्षा तथा अन्तरक्रिया कार्यक्रम आइतबार महेन्द्र मा.वि.ऱ्यालेचौर, भलाममा सम्पन्न भएको छ ।

अभिभवावक शिक्षा तथा अन्तरक्रिया कार्यममा बोल्दै प्रमुख अतिथि जिल्ला शिक्षा समन्वय समिति कास्कीका प्रमुख लोकनाथ आचार्यले विद्यार्थीलाई स्कुलमा मात्र पठाएर नपुग्ने बताउँदै बच्चाका अगाडि नराम्रो व्यवहार कहिल्यै पनि पनि गर्न नहुने बताउनुभयो । पढाइसँगसँगै जीवनमा चाहिने सीप पनि सिकाउँदै लैजान उपस्थित अभिभावकहरुलाई सुझाव दिँदै आचार्यले आफ्ना बच्चालाई खानेकुरामा पनि ध्यान दिन समेत अभिभावकलाई आग्रह गर्नुभयो । अन्तरक्रिया कार्यक्रममा बोल्दै विशिष्ट अतिथि जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक श्रवण कुमार वि.क.ले शान्तिपूर्ण एवं सुरक्षित समाजका लागि प्रहरीले विद्यालय सम्पर्क कार्यक्रमको बारेमा प्रष्ट पार्नुभएको थियो । लागूऔषध, मदिरा, सुर्तिजन्य पदार्थबाट टाढा रहन र कुलतमा नफस्न किशोर अवस्थाका सम्भावित जोखिमहरुबाट बच्न समेत आग्रह गर्नुभयो । लाइक र कमेन्ट बढाउनका लागि नचिनेको जो कोही व्यक्तिलाई सामाजिक सञ्जालमा नजोडन समेत विद्यार्थीलाई आग्रह गर्नुभयो । पहिलो पाठशाला भनेको घर नै हो भन्दै घरमा छोराछोरीलाई हेरचाह गर्न समेत अभिभावकलाई सल्लाह दिनुभयो । अन्तरक्रिया कार्यक्रममा बोल्दै अतिथि विद्यालय निरीक्षक जीवन रेग्मीले नानीबाबुहरुलाई स्कुलसँगसँगै घरमा पनि पढ्ने वातावरण बनाउनु पर्ने कुरामा जोड दिनुभयो । विद्यार्थीले नबुफेका कुरा तत्काले सोधेर आफ्नो पढाइलाई सुधार गर्नुपर्ने बताउँदै विद्यालयमाभन्दा बढी हेरचाह र घरमा पढ्नका लागि प्रेरित गर्नुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष चित्र बहादुर क्षेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन प्रअ बोधराज पौडेलले गर्नुभएको थियो भने कार्यक्रमको सहजीकरण सहयोगी संस्था बालहितकारी परियोजना नेपाल कास्कीका संगिता भण्डारी, अप्सरा गुरुङ र प्रशिक्षण शिक्षक ढक बहादुर पुनले गर्नुभएको थियो । अभिभावक शिक्षा तथा अन्तरक्रिया कार्यक्रममा वडा सदस्य मिना पौडेल, गन्जमान गुरुङ, पूर्व वडा सदस्यहरु मोतिप्रसाद पौडेल, भिम प्रसाद बास्तोलाले कार्यक्रमको प्रसंसा गर्नुभएको थियो । कार्यक्रममा स्थानीय अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक लगायतको उपस्थिति रहेको थियो ।

# कागबेनी–तिरी जोड्ने पुल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ भदौं

गत साउन २८ गते आएको बाढीले बगाएको मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका–४ स्थित कागखोलाको पुल मुस्ताडीले श्रमदान गरेर निर्माण गरेका छन् । पुल निर्माण भएपछि तिरी गाउँ पुग्न घुमाउरो बाटो प्रयोग गरेर चार घण्टा पैदल हिँड्नुपर्ने बाध्यता अन्त्य भएको छ ।

तिरी गाउँ कागबेनीबाट पारीपट्टी रहेको तर सवारीसाधनको पहुँच विस्तार नभएको गाउँ हो । उक्त गाउँलाई मुस्ताङको सदरमुकाम जोमसोमलगायत अन्य ठाउँसँग तिरी गाउँलाई जोड्ने एकमात्र माध्यम कागखोलाको पुल थियो । उक्त पुल बाढीले बगाएपछि तिरी गाउँ सम्पर्कविहीनको अवस्थामा थियो । कागबेनीबाट तिरी गाउँलाई जोड्ने पुल नै बगेपछि तिरी गाउँ र कागबेनी आवतजावत गर्न करिब चार घण्टा पैदल यात्रा गरेर जानुपर्ने बाध्यता रहेकामा मुस्ताडीले सोही ठाउँमा जनश्रमदान गरेरै पुल निर्माण गरी चार घण्टाको बाटोलाई छोट्याएको गाउँपालिकाका अध्यक्ष रिङजिन नामगेल गुरुङले बताउनुभयो ।

उहाँका अनुसार तिरी गाउँमा सिधै जान कागखोला तर्न सकिँदैन । घुमेर जाँदा पाडलिङ, फल्याकलगायतका गाउँ हुँदै निकै घुमेर जानुपर्ने अवस्था थियो । त्यो घुमाउरो बाटो पैदल यात्राका लागिसमेत अप्ठ्यारो भएकाले यात्रीले करिब एक महिनादेखि निकै सास्ती भोग्दै आएका थिए ।

जनश्रमदान, छिमेकीसँगको सहसम्बन्ध, अर्मपर्म र सहयोगलाई पुर्ख्यौली संस्कृतिका रूपमा मान्दै आएका मुस्ताडीले यसपटकको विपत्तिमा पनि उदाहरणीय काम गरेको मुस्ताङमा सामान ढुवानीको व्यवसाय गर्दै आउनुभएका कृष्ण शर्माले बताउनुभयो । उहाँका अनुसार मुख्यतः तिरी, कागबेनी र पाडलिङ गाउँबाट आएका नागरिकले दैनिकरूपमा जनश्रमदान गरेर कागखोलामाथि पुल निर्माण गरेका थिए । पैदलयात्रा र दुईपाङ्ग्रे सवारीसाधन सहजै तर्नसक्ने अस्थायी काठे पुलबाट अप्ठ्यारो परेका बेलामा ट्याक्सी पनि पार हुनसक्ने गाउँपालिकाका अध्यक्ष गुरुङले जानकारी दिनुभयो । पुल नभएका कारण अत्यावश्यक सामग्रीसहित दैनिक उपभोग्य वस्तुको ढुवानीमा समस्या हुँदै आएको थियो । स्वास्थ्य सामग्रीको आपूर्ति गर्नसमेत समस्या भएको थियो । उपचारका लागि तल भर्नुपर्ने वा उपचार गरेर गाउँ फर्किनेलाई पनि समस्या भएको थियो ।

उक्त ठाउँमा यसै वर्ष गाडी तर्नसक्ने पुल निर्माण गर्ने योजना राखेर वडामा बजेट राखिएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । अब त्यो बजेटको शीर्षक परिवर्तन गरेर कागबेनीका बाढीपीडितको पुनःस्थापनका लागि खर्च गर्नुपर्ने अवस्था आएको पनि उहाँले बताउनुभयो ।

# वृक्षारोपण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन

पोखरा महानगरपालिका वडा नं. ११ स्थित फूलवारी क्लवले पुनर्निर्माण गरेको फूलवारी संस्कार सदन पत्यानीमा क्लवको आयोजनामा वृक्षारोपण कार्यक्रम सम्पन्न भयो ।

वृक्षारोपण कार्यक्रममा क्रियाकर्मका बेला प्रयोगमा आउने डुम्री, न्वारो, पाखुरी, गलैचा फूल तथा अन्य सेता पहेला फूलहरुको वृक्षारोपण गरिएको थियो ।

पोखरा महानगरपालिका वडा नं ११ का वडा अध्यक्ष प्रेम प्रसाद कर्माचार्यको प्रमुख आतिथ्यता र क्लवका अध्यक्ष मनोज वास्तोलाको सभापतित्वमा सम्पन्न कार्यक्रममा क्लवका उपाध्यक्ष जनार्दन वास्तोलाले स्वागत मन्तव्य, निर्वतमान वडा अध्यक्ष मोहन प्रसाद वास्तोला , जनप्रतिनिधि सुशिल वास्तोला, रामचौतारी आमा समुहकी अध्यक्ष मुगा (देवी वास्तोलाले शुभकामना मन्तव्य राख्नु भएको थियो भने कार्यक्रम सञ्चालन क्लवका सचिव युवराज वास्तोला 'गान्धी' ले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा वडा कार्यालयले संस्कार सदनका लागि २० थान कुर्ची हस्तान्तरण गरेको थियो ।

# सहकारीपीडितलाई उजुरी गर्न अपिल

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ भदौं

जिल्ला प्रहरी कार्यालय म्याग्दीले बेनीमा सञ्चालित शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाबाट पीडित भएकालाई उजुरी गर्न अपिल गरेको छ ।

एक वर्षअघि बेनी नगरपालिका–८ न्यूरोडमा स्थापना भएको सहकारी छ महिनायता बन्द छ । सहकारी ऐनसम्बन्धी कसुरमा गत असार १७ गते दर्ता भएको मुद्दाको अनुसन्धानका क्रममा थप पीडित बचतकर्तालाई पनि उजुरी गर्न आह्वान गरिएको कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक कुमार गुरुङले बताउनुभयो । "सहकारी विभाग र केन्द्रीय अनुसन्धान ब्यूरोको परिपत्रका साथै बेनीका केही बचतकर्ताको उजुरीका आधारमा असार १७ गतेदेखि अनुसन्धान भइरहेको छ", उहाँले भन्नुभयो, "मुद्दा दर्ता भएको ९० दिनसम्म अनुसन्धानको अवधि रहने हुँदा अन्य बचतकर्तालाई समयमै जाहेरी दरखास्त दर्ता गर्न अपिल गरेका छौं ।" भक्तपुरको मध्यपुरथिमि नगरपालिका–३ कौलसटारमा केन्द्रीय कार्यालय रहेको शिवशिखर सहकारीले बेनीका बचतकर्ताले बचत गरेको साँवा र ब्याज फिर्ता नगरेको गुनासो गरेका छन् । सहकारीले २०७९ वैशाखमा बेनीमा सदस्य सेवा केन्द्र विस्तार गरेको थियो ।

सुरुआतमा बचतकर्तालाई आकर्षक ब्याजदरको लोभमा करोडौं बचत सङ्कलन गरेको सहकारीले छ महिनाअघि आर्थिक सङ्कटमा रहेको सूचना प्रकाशित गरेर कारोबार बन्द गरेको थियो । बेनीको न्यूरोडमा करिब रु छ करोडमा सात आना क्षेत्रफलमा रहेको जग्गा र घर खरिद गरेर सहकारीले शाखा सञ्चालन गर्दै आएको थियो ।

बचतकर्ता सेयर सदस्यको करिब रु छ करोड ५० लाख सहकारीमा निक्षेप रहेको अनुमान गरिएको छ । पैसा फिर्ता लिन सहकारीमा आएका निक्षेपकर्ता निराश हुँदै फर्किने गरेका छन् । निक्षेप फिर्ता नगरेको भन्दै बेनी नगरपालिकाको न्यायिक समितिमा समेत सहकारीविरुद्ध उजुरी परेको थियो ।

# अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता यसै साता

**रासस**
काठमाडौं २४ भदौं

नेपालस्थित दक्षिण कोरियाली दूतावास र नेपाल तेक्वान्दो सङ्घको संयुक्त आयोजनामा ११औं कोरियन एम्बेसडर खुल्ला अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता–२०२३ हुने भएको छ ।

प्रतियोगिता यही भदौ २७ देखि ३१ गतेसम्म राजधानीमा हुने आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । प्रतियोगितामा सात सय ११ महिला र एक हजार ६७ पुरुष गरी कुल एक हजार सात सय ७८ जना सिनियर तथा जुनियर खेलाडी सहभागी हुने तेक्वान्दो सङ्घका उपाध्यक्ष तथा प्रतियोगिता आयोजक समितिका संयोजक भानबहादुर चन्दले जानकारी दिनुभयो । उहाँका अनुसार पुम्सेतर्फ २५ र ग्योरुगी (फाइट) तर्फ ३२ गरी जम्मा ५७ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ । यसअघि नेपाली खेलाडीमात्र भाग लिने यस प्रतियोगितामा पहिलो पटक भारत र बङ्गलादेशका खेलाडीले सहभागिता जनाउनेभएका छन् । भारतबाट ३५ र बङ्गलादेशबाट ३३ खेलाडीले भाग लिने आयोजक सङ्घले जनाएको छ । उक्त प्रतियोगिता सञ्चालनका लागि करिब रु ३५ लाख खर्च लाग्ने आयोजकले भनाइ छ । प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई कोरियामा आयोजना हुने विश्व कोरियन एम्बासडर प्रतियोगितामा सहभागी गराइने आयोजक सङ्घले जनाएको छ ।